परमेश्वरको बगालको गोठाला गरौं



पाष्टरीय तालीम पुस्तिका

४९

तालीम र वृद्धि

T&M ®

भाग १
पाष्टरको योग्यता

राम्ररी पाष्टरको भूमिका निभाउन परमेश्वरले तपाईंलाई सहायता गरुन् भनी प्रार्थना गर्नोस् ।

बाइबलमा, पाष्टरलाई "एल्डरहरु" भनिन्छ, १ पत्रुस ५:१-४ मा प्रेस्बिटर्स, एफिसी ४:११ मा "पाष्टर", अनि तीतस १:५-७ मा "निरीक्षक" अथवा "बिशप" भनिएको छ ।

यी सबै शब्दहरुले एउटै कामलाई जनाउँछ । राम्ररी व्यवस्था मिलाइएको मण्डलीमा धेरै सह-पाष्टरहरु अथवा एल्डरहरु हुन्छन् । (तीतस १:५)

अरुहरुको निम्ति गोठालाको भूमिका निभाउन, हामी आफैले आफ्नो आत्मिकी जीवनको विकास गर्दछौं । १ तिमोथी ३ बाट लिइएका सूचीमध्येबाट तपाईंले अझ बढी विकास गर्नु पर्ने पाष्टरका गुणहरुलाई बिचार गर्नोस् ।

☐ एउटै पत्नीको पति – यौन शुद्धता (पद २)

- ☐ कसैले दोष लगाउन नसक्ने – के तपाईंको असल प्रसिद्धि छ ? (पद २)

- ☐ संयमी – तपाईं के खानु अथवा पिउनु हुन्छ त्यसमा संयमी, तपाईंको जीवन शैलीमा सुहाउँदिलो (पद २)

- ☐ संयमित – व्यवस्थित ढङ्गमा अगुवाइ गर्ने, अनुशासित जीवन (पद २)

- ☐ सम्मानित - शुद्ध, आदरयोग्य, व्यवहारमा ईमान्दार (पद २)

- ☐ अतिथिसत्कार गर्ने (पद २)

- ☐ सुयोग्य शिक्षक – बुझाउने क्षमता भएको (पद २)

- ☐ मतवाला होइन (पद ३)

- ☐ रिसाहा होइन तर विनम्र - विचार पुऱ्याउने (पद ३)
- ☐ झगडा नगर्ने – सहनशील अनि शान्ति रुचाउने (पद ३)
- ☐ धनको लोभ नगर्ने - आफूसित जे छ त्यसैमा सन्तुष्ट हुने (पद ३)
- ☐ आफ्नो घर राम्ररी चलाउन सक्ने - उसका नानीहरुलाई अनुशासित र आदरपूर्ण ढङ्गमा पालन पोषण गर्ने (पद ४-५)
- ☐ नयाँ विश्वासी होइन (पद ६)
- ☐ शेखी नगर्ने - नम्र (पद ६)
- ☐ बाहिरकाहरुका दृष्टिमा असल ठहरिएको (पद ७)

निन्दामा नपरेको
(कलङ्क नलागेको चरित्र)

एक पाष्टर सारा समुदायको निम्ति खीष्टको नमूना बन्नुपर्दछ। दोषभन्दा माथि भएर जिउनको लागि, समुदायमा कसैको चित्त दुःखाउने केही गरेको भए, पहिले क्षमा माग्ने अनि सम्बन्ध पुनर्स्थापित गर्ने। दिनहुँ परमेश्वरको वचन अध्ययन र मनन गर्दै प्रार्थनासहित हामी आत्मामा हिँड्नै पर्छ। यदि तपाईंले कम्ति प्रार्थना गर्नुभयो भने, तपाईंले कम्ति आत्मिकी शक्ति पाउनु हुनेछ। जसरी बिजुलीको तार ले यसको श्रोतबाट बत्तीको बल्बसम्म जोड्ने काम गर्दछ, त्यसरी नै प्रार्थनाले हामीलाई परमेश्वरसित जोड्दछ।



प्रार्थनालाई बेवास्ता गर्दा परमेश्वरसितको संचारमा बाधा आउँछ। हामी जे प्रचार गर्दछौं, त्यो व्यवहारमा ल्याउँदैनौं भने के मानिसहरुले हामीलाई आदर गर्ला ?

एउटै पत्नीको पति

कुनै पनि पाष्टरले आफ्नी पत्नीसित असल सम्बन्ध कायम र ाख्नु पर्दछ । उसले अर्की स्त्रीलाई हेर्नु हुँदैन । *"जवानीका अभिलाषाहरु त्याग ।"* (२ तिमोथी २:२२) एक व्यभिचारी स्त्रीको संघार नै नरकको लागि ढोका हो । (हितो. ५:३-५)

यदि तपाईं कुनै स्त्रीप्रति आकर्षित हुनुभएको थाहा पाउनु भयो भने के गर्नुपर्ला ?

संयमी
(तपाईं के खानु अथवा पिउनु हुन्छ त्यसमा संयमी, तपाईंको जीवन शैलीमा सुहाउँदिलो)

कुनै पनि पाष्टरले आत्म-संयम बन्नुपर्दछ । कुनै पनि समयमा उसलाई जे गर्नु मन पर्छ त्यो गरिहाल्दैन ।

येशू खीष्ट अनि प्रेरितहरुले सुसमाचार प्रचारको निम्ति कष्ट सहे । जसले के खाउँला अथवा लाउँला भनेर जसले चिन्ता गरिरहन्छ, उसले प्रभुको सेवा प्राथमिकतासँग गर्न सक्तैन ।

जो व्यक्ति खराब मिजासको अथवा मतवाला छ, उसबाट सुनिएका प्रवचनहरुको के मूल्य रहला र ?

सचेत
(एक व्यवस्थित, अनुशासित जीवन जिउँछ)

एक सचेत पाष्टर उसले जे गर्छ त्यसमा होशियार रहन्छ, अनि समयलाई एकदमै बुद्धिमानी ढङ्गमा सदुपयोग गर्दछ । जब आशा गरिएको हुन्छ, उनी त्यो सभामा आइपुग्छन् । सल्लाह दिनुभन्दा अघि उसले सोच्दछ अनि प्रार्थना गर्दछ । उनी रोगहरुबाट जोगिन्छ, (उदाहरणको लागि, उनी आफ्नो घरमा साफसुग्घरप्रति बढो होशियार रहन्छन्)। उनले आफ्नो मण्डलीमा शिक्षा दिन्छन् ताकि उनको मण्डली झूटो शिक्षालाई पछ्याउनबाट बँचोस् । कुनै स्त्रीलाई परामर्श

दिनको लागि उनी एकलै जाँदैनन् तर आफूसित आफ्नी पत्नी अथवा कुनै अरु स्त्रीहरु लिएर जान्छन् ।

सम्मानित
(शुद्ध, आदरणीय, उनको व्यवहारहरुमा ईमान्दार)



कुनै पनि पाष्टर अथवा एल्डर दृढ हुनुपर्छ तर आक्रामक हुनु हुँदैन । उसको बोलीचाली उचित हुनुपर्छ, उसका लुगाफाटाहरु सफा अनि स्वच्छ हुनुपर्छ । उसले रीसको झोंकमा तर्क गरेको सुन्दा मानिसहरुलाई नराम्रो लाग्छ । उसले अरु मण्डलीहरुबाट 'भेडा चोर्ने' काम गर्दैन, तर हर ाएकाहरुलाई सुसमाचार प्रचार गर्दछ ।

अतिथिसत्कार गर्ने

धेरै मानिसहरु पाष्टरको घरमा आउँछन् । उनीहरुले प्रार्थना, सल्लाह, परामर्श, आश्रय, भोजन, अनि मित्रता खोजिरहेका

हुन्छन् । एक असल पाष्टर अनि उनकी पत्नीले उनीहरुले जे गर्न सक्छन् त्यसमा सहयोग गर्दछन् ।

तरै पनि, आफ्ना समस्याहरु आफै सुल्झ्याउने प्रयास गर्दै नगर्नेहरुसित बढी समय खेरो फाल्नु हुँदैन । तिनीहरुले ता पाष्टरको समय मात्र लिन्छन् ।

कुनै पनि पाष्टरकी पत्नीले आफ्नो पतिको सेवकाइलाई उसको घरेलु जिम्मेवारी पूरा गर्दै भियाएसम्म सहयोग गर्नुपर्छ । यदि उनी यसमा सहमत छैनन् भने के हुनजान्छ ?

सिकाउन सक्ने शिक्षक
(बुझाउनसक्ने क्षमता भएको)

खीष्टको निम्ति साक्षी दिन थाले पछि सिकाउने वरदान स्वतः विकास हुँदै जान्छ । जसै तपाईंले अनुभव बटुल्दै जानुहुन्छ, तपाईंको शिक्षण अरुहरुलाई आत्मिक उन्नति पुऱ्याउने बन्दै जान्छ ।

कुनै पनि पाष्टरले आफूलाई तयार पार्छ । उसले बाइबल अध्ययन गर्दछ, मण्डलीको इतिहास पढ्छ, अनि पाष्टरीय कामको बारेमा सिक्छ ।

असल सिकाइको निम्ति असल तयारी चाहिन्छ । तपाईंले "तालीम र वृद्धि" मा पाष्टरीय अध्ययनहरु कसरी प्रयोग गर्ने भन्ने बारेमा सिक्नुहुनेछ

शिक्षा दिनको निम्ति साहस र नम्रता चाहिन्छ । मानिसहरुको प्रशंसा पाउनको निम्ति शैतानले हामीलाई परीक्षामा पार्नसक्छ । *"मान्छेको डर एउटा पासोजस्तै हो ।"* (हितो. २९:२५)

मानिसहरुले जेसुकै सोचे पनि हामीले सत्य सिकाउनै पर्छ । (तीतस १:९)

जब कसैले अध्ययन गर्न छोड्छ, उसको प्रचार अल्छी लाग्दो भएर जान्छ । किन ?

मतवाला होइन

एक असल पाष्टर रक्सी अथवा अरु कुनै नराम्रो लतको दास होइन । यदि तपाईं अथवा अरुमा यस्ता कुलत छ भने, तालीम र वृद्धिको पुस्तिका नम्बर ३९ "वास्तासित परामर्श दिनु" प्रयोग गर्नुहोस् ।

हाम्रा मानिसहरुले पिउन नपर्ने अवस्था सिर्जना गर्नको निम्ति हामीले के गर्न सक्छौं ? मण्डलीले अरु कुन प्रकारका

सामाजिक क्रियाकलापहरु, अनि संगतिहरु आयोजना गर्न सक्छ ?

आक्रमक होइन, तर भद्र
(विचारशील)

एक असल पाष्टर हरेक व्यक्तिसँग विचारशील हुनुपर्छ । सबै विश्वासीहरुमा प्रेम हुनुपर्ने खाँचोलाई उसले जोड दिन्छ, ताकि मण्डलीका कुनै व्यक्तिले एकलोपना महसुस नगरोस् । प्रभु येशू खीष्टले हामीलाई भन्नुहुन्छ कि प्रेम नै सबैभन्दा प्रमुख गुण हो । एकाअर्कालाई प्रेम गर्नको निम्ति उहाँले हामीलाई आज्ञा दिनुहुन्छ । यदि पाष्टरमा मण्डलीप्रति विशेष प्रेम र हँदैन भने, मण्डलीलाई दुःख हुनजान्छ । जब सबै कुरो ठीकसँग चल्छ, तब मात्र प्रेम देखिने होइन । जब सबै कुरो ठीकसँग चल्छ, अविश्वासीहरुले पनि एकाअर्कालाई प्रेम गर्दछन् । जब हामी आफ्नो इच्छामाथि विजयी बन्दछौं अनि कुनै पनि रीस अथवा हिंसा विना समस्याहरु र आलोचनाहरुलाई निभाउने काम गर्दछौं, तब हामीमा खीष्टको

प्रेम देखिन्छ। यदि तपाईंसँग रीसको समस्या छ भने, तालीम र वृद्धिको पुस्तिका नम्बर ५३ "सक्रिय प्रेम" प्रयोग गर्नुहोस्।

पाष्टरले आगन्तुकहरुलाई बढो हार्दिक स्वागत जनाउँदछ। कसरी उनले मण्डलीकाहरुलाई आगन्तुकहरुसँग बातचीत गर्नको निम्ति प्रोत्साहित गर्न सक्ला ?

मण्डलीका सदस्यहरुबीच अरु बढी प्रेम वृद्धि गर्न तपाईंले अरु के गर्न सक्नु हुनेछ ?

झगडालु होइन
(शान्ति मन पराउने)

शैतानले मण्डलीमा झगडा र विभाजन ल्याउन चाहन्छ। एक शान्तमय पाष्टरले यी सबै कुरा प्रेममा सामना गर्नुपर्दछ। जो तर्क र झगडा गर्न मन पराउँछ, उनीहरुसित

उसले बढो शान्तभावमा अनि धीरजी बनेर बोल्दछ। जब आवश्यक पर्दछ, जुन भाइले विभाजनहरु ल्याएर परमेश्वरको काम नष्ट पार्ने काम गरिरहेको छ उसलाई प्रेममा अनि स्पष्ट रुपसँग सम्झाउने काम गर्दछ।

कुनै सदस्यले झमेला ल्याउँदैछ भने, तपाईंले कस्ता कदमहरु चाल्नु हुनेछ ?

पैसाको लोभी होइन

परमेश्वरको दासले सबै बीलहरु तिर्छ। (रोमी १३:८) उसको प्रवचन र उसको बोलीलाई मानिसहरुले तब विश्वास गर्छन्, जब उसले जिम्मेवार व्यक्तिको रुपमा ती पूरा गर्दछ।

कतिले ता लाभको निम्ति मात्र प्रचार गर्दछन् । कति प्रचार कहरुले मण्डलीबाट बढीभन्दा बढी भेटी माग्दछन् । तपाईंको धारणा के छ ?

एक आज्ञाकारी पाष्टरले दशांश दिन्छ । उ लोभी हुँदैन । उसले जे प्रचार गर्दछ, उसले त्यो अभ्यासमा ल्याउँछ । यदि अगुवा नै असल भण्डारे भएन भने, मानिसहरु पनि हुने छैनन् । पाष्टरले मण्डलीको कोष सञ्चालन गर्नु राम्रो होइन । किन मानिसहरुले संसारको कुराहरुलाई प्रेम गर्ने पाष्टरलाई आदर गर्दैनन् ?

उसका नानीहरुलाई अनुशासित अनि प्रेमभावमा राखेर

(उसले आफ्नो घर ठीकसँग चलाउन सक्नु पर्छ ।)

जब पाष्टरले आफ्नो घर ठीकसँग चलाउन सकेको हुन्छ, तब मात्र उसले प्रभुको मण्डलीलाई ठीकसँग चलाउन सक्छ । हामीले हाम्रा पत्नीहरुलाई प्रेम गर्दछौं अनि हामी नानीहरुलाई प्रेममा सुधार्दछौं । हामीले सधैं घरमा अनि मण्डलीमा असल नमूना प्रस्तुत गर्नुपर्दछ ।

जुन पाष्टर उसको घर अनि परिवारप्रति लापरवाही छ, मानिसहरुले उसलाई आदर गर्दैन ।

तपाईंले कसरी आफ्नो परिवार अझ राम्ररी हेरचाह गर्न सक्नुहुन्छ ?

भर्खरको नयाँ विश्वासी होइन

कुनै मण्डलीले एक नयाँ पाष्टरलाई त्यति बेला आशिष हातहरु राख्नेछ जब परमेश्वर र मानिसहरुप्रति उसको प्रेम अनि वरदानहरु निम्न प्रकारले प्रकट हुँदछ :

- व्यक्तिगत पवित्रता
- मानिसहरुले नयाँ जीवन पाएको
- मण्डलीमा प्रेम
- आत्मिकी परिपक्वता, इत्यादि ।

उसले पहिला आत्मिकी परिपक्वता अनि इसाई चरित्र देखाउनु पर्दछ। १ तिमोथी ५:२२ ले सल्लाह दिँदछ: *"कसैमाथि हात राख्ने काममा हतार नगर।"*

एक योग्य व्यक्तिलाई अभिषेक गर्नको निम्ति एल्डरहरु (प्रेस्बिटरहरु)ले हात राख्दछन्।

किन हामीले नयाँ विश्वासीलाई प्रचार गर्न दिनु मिल्दैन ?

घमण्डले फुलेको होइन
(घमण्डी)

कुनै पाष्टर घमण्डी पनि हुनसक्छ। यदि उसले नम्रतापूर्वक यसको विरोध गर्दैन भने, उसले एक तानाशाही बनेर काम गरिरहेको हुन्छ। परमेश्वरले नम्र सेवकहरुलाई प्रयोग गर्नुहुन्छ। मण्डलीको सबैभन्दा ठूलो शत्रु घमण्डी पाष्टर हो जसले मण्डलीलाई आफ्नै सम्पत्ति ठानेर हुकुम गर्दछ। येशू कदापि घमण्डी हुनुहुन्नथ्यो। उहाँले नानीहरुलाई ग्रहण गर्नुभयो। उहाँका चेलाहरुको खुट्टा धुनुभयो। पापीहरु अनि नम्रहरुसँग रहेर खानुभयो अनि बातचीत गर्नुभयो। उहाँलाई अभियोग लाउनेहरुको अघि चुपचाप रहनुभयो।

शैतानले हामीलाई कहिले घमण्डद्वारा आक्रमण गर्ने प्रयास गर्छ ?

अरुहरुसित असल नाँउ हुनु

असल पाष्टरले समाजमा आदर पाउँछ। उसले आफ्ना बिलहरु समयमा तिर्छ। उसले समुदायका असल अगुवाहरुलाई सहयोग प्रदान गर्दछ। उसले हरेक थोकमा असल उदाहरण प्रस्तुत गर्दछ।

अविश्वासीहरुबाट अझ बढी आदर पाउनको निम्ति तपाईंले अरु के गर्नुपर्ला ?

हामीले हाम्रा हातहरु तपाईंमाथि राखी तपाईंलाई पाष्टरको रुपमा अभिषेक गर्नु अघि, के तपाईं आफ्ना बगालको वास्ता गर्ने, विश्वासी सदस्यहरु अनि अविश्वासीहरुलाई भेटघाट गर्ने, नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिने, प्रभुभोज दिने, परमेश्वरको वचन सिकाउने अनि मण्डलीका सबै सदस्यहरुलाई उनीहरुले पाएका वरदानहरु अनुसार कुनै प्रकारको सेवकाइ चलाउनको निम्ति सहयोग गर्ने वचन दिनुहुन्छ ?

हजुर, परमेश्वरको सहायतामा म गर्नेछु ।



भाग २
पाष्टरको जिम्मेवारी परमेश्वरको वचन प्रचार गर्नु हो

"परमेश्वरको सामने र जिउँदा र मरेकाहरुको इन्साफ गर्न आउनुहुने खीष्ट येशूको सामने, अनि उहाँको आगमन र र ाज्यलाई ध्यानमा राखेर म तिमीलाई कडा दिँदछु, वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक ।"

(२ तिमोथी ४:१-२)

राम्ररी प्रचार गर्नको लागि निरन्तर बाइबल अध्ययन चाहिन्छ । तपाईंको मण्डलीको आत्मिक उन्नति गर्ने विषय-वस्तुहरु छान्नोस् । विषयहरु बदल्नु होस् । कचकच नगरीकन उनीहरुको खाँचोतर्फ ध्यान दिनुहोस् । परामर्श चाहिनेहरुलाई व्यक्तिगत तौरमा भेट्नु होस् । यदि तपाईंले पढ्न छाड्नु भयो भने, तपाईंले प्रचार गर्न पनि छाड्नु पर्नेछ । तपाईंको सन्देशलाई छोटो बनाउनु होस् । लामो सन्देशको भन्दा राम्ररी तयार पारिएको छोटो सन्देशको प्रभाव बढी हुन्छ ।

विश्वासीहरुलाई परामर्श दिनुहोस्

“नम्रतासाथ आफ्ना विरोधीहरुलाई सुधार्ने हुनुपर्दछ, र शायद परमेश्वरले तिनीहरुलाई पश्चाताप गर्ने, सत्यतालाई बुझ्ने मन दिनुहुनेछ ।”

(२ तिमोथी २:२५)

हामीले निम्न व्यक्तिहरुलाई गोप्य रुपमा परामर्श दिनुपर्दछ:

- जुन जुन व्यक्तिहरु विवाह गर्न लागिरहेका छन्,
- वैवाहिक समस्याहरु भएका दम्पत्तिहरुलाई,
- शोकमा परेकाहरुलाई,
- बिरामीहरुलाई,
- प्रभुदेखि टाडिएर गएकाहरुलाई,
- भावनात्मक घाउको कारण भित्री चङ्गाइको आवश्यकता भएकाहरुलाई, सम्बन्ध टुक्रिएकाहरु, अथवा लुकेका पापले ग्रसित भएकाहरुलाई,

- अझसम्म मण्डलीमा जिम्मेवारीहरु नपाएका विश्वासयोग्य विश्वासीहरुलाई,

- भावनात्मक अथवा यौन समस्या भएकाहरुलाई ।

कुनै पनि विश्वासीलाई उसको समस्या उ स्वयंले बुझ्न सहयोग गर्नुहोस् । तपाईंले बोल्न अघि, उसलाई सुनिदिनु होस् । कहिले-काहीँ करुणामय भावमा सुनिदिने काम हुनसक्यो भने त्यो व्यक्तिलाई धेरै ठूलो सहयोग मिल्नेछ, अनि उसले यसलाई अझ बढी वस्तु स्थितिमा जोड दिने गरी हेर्न थाल्छ ।

कुनै परिपक्व स्त्रीलाई एक दासीको हृदयसाथ आफूभन्दा साना स्त्रीहरुलाई परामर्श दिन लाउनोस् ।



परामर्शसम्बन्धी अझ बढी सहयोगको लागि, पाष्टरीय वास्ता र परामर्शको क्षेत्रमा अझ बढी अध्ययनको लागि तपाईंको प्रशिक्षकसँग सल्लाह गर्नोस् ।

प्रभुभोज दिनुहोस् अनि अनुशासन पालन गर्नुहोस् ।

"...यो मेरो सम्झनाको निम्ति गर ।" (१ कोरन्थी ११:२४)

आफ्ना पाप पश्चाताप गरी बप्तिस्मा लिनेहरुलाई हामी प्रभुभोज दिन्छौं । कति मण्डलीहरुले हरेक साता नै प्रभुभोज दिन्छ, अनि कतिले चाहिँ महीनाको एक चोटि । प्रभुभोज नगरीकन आराधना सेवामा मात्र जोड दिने चलन मण्डली इतिहासमा अलि नौलो कुरा नै हो ।

प्रभुभोजले प्रभु येशू खीष्टको नयाँ करारको उत्सव मनाउँदछ । यसले हामीलाई उहाँको उद्धारपूर्ण मृत्यु अनि उहाँको दोस्रो आगमनबारे सम्झना दिलाउँदछ । यो अति मुख्य अनि गम्भीर समय हो । यसैमा हामी हाम्रा प्रभुसित, अनि उहाँका जनहरुसित एक भएका हुन्छौं ।

प्रभुभोज लिन अघि, विश्वासीले आफैलाई जाँच्छ अनि चुपचाप आफ्ना पापहरु मानिलिँदै, प्रार्थना गर्दछ (१ कोरन्थी ११:२७-३२)। साँचो हृदयले पश्चाताप गरेर क्षमा माग्यौं भने, परमेश्वरले कुनै पनि प्रकारको पापलाई क्षमा दिनुहुन्छ। तर हामीले हाम्रो पापलाई पक्कासँग स्वीकार गर्नुपर्छ अनि हाम्रो व्यवहार मा परिवर्तन ल्याउनु पर्छ (१ यूहन्ना १:८-१०)। यदि कुनै व्यक्ति गम्भीर पापमा फँसेको छ, तर स्वीकार गरेर त्यसबाट फर्कन मान्दैन भने, पाष्टर तथा एल्डरहरुले उसलाई सुधार्नु पर्छ। यदि उसले त्यसप्रति ध्यान दिँदैन, अथवा मण्डलीको सल्लाह मान्दैन भने, उसले प्रभुभोजमा भाग लिन पाउँदैन। (मत्ती १८:१५-१८, १ कोरन्थी ५:११)

यदि उसले ती पापहरुबाट फर्कने, अथवा मण्डलीको परामर्श सुन्ने कुरामा कुनै ध्यान दिँदैन, अनि उ धर्मशास्त्रले अस्वीकार गरेको आफ्नो स्वभावमा लागिरहन्छ र मण्डलीका मानिसहरुलाई बाधा पुऱ्याउँछ भने, उसले पश्चाताप नगरुञ्जेल हामीले उसँग संगति गर्नुहुँदैन भनी १ कोरन्थी ५ अध्यायले बताएको छ। पावलले कुनै दण्डको आज्ञा नदिईकन सुधार गर्ने काममा लागेको यी खण्डहरुमा हामी देख्दछौं। हामीले पनि आफ्नै कमजोर ीहरुप्रति पनि होशियार बन्दै अरुहरुलाई बाधा पुऱ्याउनेहरुलाई सुधार्ने काम गर्नु पर्दछ (गलाती ६:१)। उदाहरणको लागि, नयाँ विश्वासीहरुबाट हामीले तत्काल सिद्धता चाहनुहुन्न।

भूल गर्ने भाइलाई सुधार्नको लागि हामी यी पदहरु अनुसार के कस्ता कदमहरु चाल्नुपर्ला– मत्ती १८:१५-१८, गलाती ६:१, अनि १ तिमोथी ५:१९:

खीष्टको निम्ति साक्षी

"...प्रचारकको काम गर, र तिम्रो सेवाको काम पूरा गर ।"
(२ तिमोथी ४:५)

कुनै पनि पाष्टर एक प्रचारक पनि हो । उसले प्रभु येशू खीष्टको निम्ति साक्षी दिनुपर्दछ ।

सुसमाचार "प्रचार" गर्नु भनेको सार्वजनिक रुपमा बोल्नु भन्ने मात्र बुझिन्न । एउटा साथीसित चिया पिउँदै, अथवा नाटक देखाएर, अनि अरु धेरै उपायहरुद्वारा तपाईंले सुसमाचार प्रचार गर्न सक्नुहुन्छ ।

जब तपाईं सुसमाचार प्रचार गर्न जानुहुन्छ, तपाईंसित अरुहरुलाई पनि लानुहोस्, ताकि उनीहरुले पनि साक्षी दिन सिक्नेछन् ।



सबै सदस्यहरुलाई उनीहरुको सेवकाइ पूरा गर्न प्रोत्साहित गर्नोस् ।

"अनि उहाँका वरदानहरु चाहिँ यी नै थिए, कि कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पास्टरहरु र कोही शिक्षकहरु बनून्, कि खीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरु सुसज्जित होऊन्,...."

(एफिसी ४:११-१२)

माथि दिइएको पद अनुसार, पाष्टर तथा शिक्षकहरुले कसलाई तालीम दिन्छन् ?

_____

के निर्माण भइञ्जेल तिनीहरुले परमेश्वरका जनहरुलाई तालीम दिन्छन् ?

सेवकाइका कामहरु केवल पाष्टर तथा शिक्षकहरुको निम्ति मात्र होइन, तर परमेश्वरका सबै जनहरुको निम्ति हो ।

पाष्टरले मण्डलीलाई अगुवाइ गर्दछ, अनि योजनासहित अघि बढाउँछ । उसले भविष्यलाई हेर्दछ । उसले आफ्नो मण्डलीलाई उत्साह र आनन्दसाथ काम गर्न प्रेरित गर्दछ । उसले मण्डलीलाई लक्ष्यहरु निर्धारण गर्न सहयोग गर्दछ ।

उसले मण्डलीमा भएका पाष्टरीय जिम्मेवारीहरु निभाउँदै गरेका अरु एल्डरहरुसित सहयोग गर्दछ । यदि एउटै मानिसले हरेक कामलाई नियन्त्रण गर्दछ भने, काम कमजोरी हुनजान्छ ।

धेरै समस्याहरु ता पाष्टर हरुमा नै उब्जन्छ। जहाँ सठीक ढङ्गको संयोजन छैन, पाष्टर स्वयंले मूर्खतापूर्वक सबै थोक गर्न खोज्दछ।



एक कमजोर अथवा असुरक्षित पाष्टरले हरेक कुरामाथि नियन्त्रण राख्न खोज्छ। उसले मण्डलीको संस्थागत ढाँचामा अनि प्रशासनमा अरुहरुलाई संलग्न गर्दैन।

धेरै मण्डलीहरुमा 'सिनिएर पाष्टर" अथवा एल्डरले विभिन्न सेवकाइहरु सञ्चालन गर्न एल्डर तथा अगुवाहरुलाई सहयोग प्रदान गर्दछन्। हरेक एल्डरले उसको आफ्नै झुण्डमा भएकाहरुलाई उनीहरुको सेवकाइ सञ्चालन गर्न उनीहरुको आत्मिकी वरदानहरु अनुसार सहयोग प्रदान गर्दछन्।

कहिले-काहीँ मण्डली एउटै परिवार अथवा केही पुराना सदस्यहरुको नियन्त्रणमा पर्न जान्छ। यो अति गलत हो ! उनीहरुले हरेकसँग, नयाँ सदस्यहरुसँग पनि जिम्मेवारी बाँडचुड गर्न सक्नुपर्छ, नत्रभने बिस्तारै काम जमेर बस्नेछ।

यसलाई रोक्नको निम्ति परमेश्वरले दिनुहुने वरदानहरुको बारेमा सिकाउनु होस् (रोमी १२:१-८, १ कोरन्थी १२:१३, एफिसी ४:७-१६)। हरेक सदस्यलाई उसको वरदान सुहाउँदिलो सेवकाइ गर्न सहयोग प्रदान गर्नोस् ।

जिम्मेवारीहरु बाँड्नको निम्ति, हरेक सेवकलाई दिइएको विशेष कामको सूची (लिष्ट) बनाउनु होस् । हरेक सदस्यले उसको आफ्नै जिम्मेवारी पाउनु पर्छ । सबैले उनीहरुको सेवकाइ के हो, सो जान्नुपर्छ । जहाँ हरेकले देख्नसक्छ, त्यहीँ यो लिष्ट राखिदिनुहुन हामी सल्लाह दिँदछौं ।

जबसम्म हरेकले आफ्ना जिम्मेवारीहरु जान्दैन, कुनै पनि संस्था राम्ररी चल्नसक्तैन ।

किन एक वृद्धि भइरहेको मण्डलीमा सबै एल्डर तथा सदस्यहरुसँग जिम्मेवारीहरु बाँड्नु राम्रो हो ?

पतित भएकालाई पुनर्स्थापित गर्नु

"भाइ हो, यदि कुनै मानिस अपराधमा पक्राउ पऱ्यो भने तिमीहरु जो आत्मिक छौ, तिनीहरुले नै नम्रतापूर्वक तिनको सुधार गर । आफ्नै पनि विचार राख, नत्रता तिमीहरु पनि पर ीक्षामा पर्नेछौ ।"

(गलाती ६:१)

एक असल पाष्टरले एउटा हराएको भेडालाई खोजी गर्नको निम्ति ९९ विश्वासयोग्य भेडालाई छोडिराख्छ । पाष्टर गर्नु भनेको अगुवाइ गर्नु, सुरक्षा प्रदान गर्नु, वास्ता गर्नु अनि भेडालाई खुवाउनु हो । हरेक बगालमा त्यस्तो भेडा हुन्छ जसले बाटो गुमाउँछ ।

यदि कुनै भाइले पाप गर्छ अनि सुधारिनु मान्दैन भने, हामीले के गर्नसक्छौं ?

सिकाउनु

"परमेश्वरको जन... योग्य शिक्षक... हुनुपर्छ..."

(२ तिमोथी २:२४)

एक आज्ञाकारी पाष्टरले सार्वजनिक रुपमा अनि घरमा बाइबल सिकाउँछ (प्रेरित ५:४२, प्रेरित २०:२०)। उसले आफ्ना "तिमोथीहरु" (आफ्ना प्रशिक्षकलाई निरीक्षण गर्ने अनि अनुकरण गर्ने विद्यार्थीहरु – २ तिमोथी २:१-२) लाई तालीम दिन्छ ।

स्कूलका कतिपय अल्छे शिक्षकहरुले झैं पाष्टरले गर्नु हुँदैन । उसले एकाधिकार जमाएर शासन गर्नुहुँदैन, अथवा आफ्ना विद्यार्थीहरुलाई ज्ञान भर्ने काम मात्र पनि गर्नु हुँदैन, तर उसले तिनीहरुलाई आफ्नै उदाहरण दिएर सिकाउनु पर्छ । (तीतस २:७-८, १ पत्रुस ५:३)

बाइबल त एक प्रचारकको सामाग्री र हतियार हो, यो उसको निम्ति तरवार हो । हामीले यसलाई चलाउन सिक्नु पर्दछ (२ तिमोथी २:१५)। २ तिमोथी ३:१५-१७ मा प्रेरित पावलले जवान तिमोथीलाई भने: *"तिमीले बाल्यकालदेखि नै पवित्र-धर्मशास्त्र जानेका छौ, जसले खीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ । सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भएको होस् ।"*

के तपाईंले बाइबल निरन्तर रुपमा पढ्नुहुन्छ ?

(तपाईंले अलि बढी सिकाउनु पर्ने निम्नलिखित सिद्धान्तहरुमा चिन्ह लाउनु होस् ।)

- ☐ एउटै परमेश्वरका विभिन्न गुणहरु ।
- ☐ प्रभु येशू ख्रीष्टको व्यक्तित्व र कार्य ।
- ☐ पवित्र आत्माको व्यक्तित्व र कार्य ।
- ☐ इसाई चेलापनका जिम्मेवारीहरु ।
- ☐ पाप र यसका परिणामहरु ।
- ☐ पश्चाताप, विश्वास र नयाँ जन्म ।
- ☐ पवित्रता ।
- ☐ प्रभुको दोस्रो आगमन ।
- ☐ प्रभुभोजको प्रमुखता ।
- ☐ मण्डलीका जरुरी क्रियाकलापहरु: प्रार्थना, सुसमाचार प्रचार, बप्तिस्मा, नयाँ काम शुरु गर्नु, मिसनेरीहरु पठाउनु, वृद्ध, बिरामी, खाँचोमा परेकाहरु, अत्याचारमा परेकाहरु अनि टुहुराहरुको वास्ता, इत्यादि ।
- ☐ एक पति, पत्नी, छोराछोरी, मातापिता, नागरिकको हैसियतमा इसाईका जिम्मेवारीहरु ।

अल्छे प्रचारकहरुले सधैं त्यही विषयहरुमा सिकाइरहन्छन् । तिनीहरुले आफ्ना प्रवचनमा विभिन्नता ल्याउँदैनन् । यसरी मण्डली आत्मिकी कुपोषणको शिकार बन्दछ ।

पाष्टरहरुले बुद्धिमानपूर्वक प्रवचनका विषयहरु छान्नको लागि के गर्नुपर्छ ?

बगालको वास्ता, सदस्यहरुलाई भेटघाट । तिनीहरुलाई चिन्नोस्, तिनीहरुलाई तिनीहरुको खाँचोमा वास्ता गर्नोस् अनि तिनीहरुलाई सेवकाइमा डोऱ्याउनु होस् ।

"तपाईंहरु आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस् । पवित्र आत्माले तपाईंहरुलाई बगालका जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाहा तपाईंहरु गर्नुहोस् ।" (प्रेरित २०:२८)



आज्ञाकारी पाष्टरहरुले खाँचोहरुप्रति वास्ता राख्छन् । उनीहरुले निरासमा परेकाहरु अनि बिरामीहरुलाई भेटघाट गर्दछन् (अथवा तिनीहरुका सहयोगीहरुलाई त्यसो गर्न अह्राउँछन्)।



तपाईंको मण्डलीमा आगन्तुकहरुलाई स्वागत गर्नोस् । तिनीहरुलाई येशू ख्रीष्टबारे बताउनको लागि उनीहरुकै घरमा भेटघाट गर्न जानु होस् ।

कुनै "ब्वाँसाहरु" आइहाल्छन् कि भनेर पाष्टर बढो सचेत र हन्छ (मत्ती ७:१५-२०)। शैतान ब्वासो जस्तो भएर आउँदैन, तर ज्योतिको स्वर्गदूतको भेष धारण गरेर आउँदछ (२ कोरन्थी ११:१४)। यी ब्वाँसाहरुले आफैलाई भेडाको रुप धारण गराउँदछ । तिनीहरु पवित्र भएको नकल गर्दछन्, अनि धर्मको कुरा गर्दछन् । यस्तो खतराबारे मण्डलीलाई सचेत पार्नुहोस्, अनि तिनीहरुलाई "ब्वाँसाहरु" चिन्न अनि इन्कार गर्न सिकाउनु होस् । नचिनिएको प्रचारकलाई तपाईंको मण्डलीका सदस्यहरुको माझमा सिकाउन नदिनु होस् ।

सत्यको शिक्षकको रुपमा भेष धारण गर्नुमा शैतानको अभिप्राय के हो ?

भाग ३
विभिन्न एल्डरहरुलाई पाष्टरीय जिम्मेवारीहरु सुम्पनु होस्

नयाँ करारका मण्डलीहरुमा, धेरै एल्डरहरु (सह-पाष्टरहरु) ले उनीहरुको गोठाले-जिम्मेवारीहरु बाँडचुड गर्दछन् । विभिन्न प्रकारका जिम्मेवारीहरु परिभाषित गरिनु (स्पष्ट पारिनु) पर्छ । कुनै पाष्टर वा एल्डरलाई कुनै जिम्मेवारी सुम्पनुको अर्थ उ एकलैले त्यो गर्नु भनेको होइन, बरु उद्वारा (उ आफैले अथवा उसले अरुलाई गर्न लाएर) त्यो जिम्मेवारी पूरा गरिनु पर्दछ भनिएको हो । एफिसी ४:११-१२, १ तिमोथी ३:१-७, तीतस १:५-७ अनुसार कुनै पाष्टर अथवा एल्डर एक "विशप" हो, अर्थात उनी पाष्टरीय काम देखरेख गर्ने एक निरीक्षक हुन् ।

तल दिइएको भागमा हरेक कामको अघि निरीक्षणको निम्ति जिम्मेवारी व्यक्तिको नाउँ लेख्नु होस् । एक गोठालो एल्डर (सह-पाष्टर) यी अन्य सेवकाइहरु, ससाना झुण्डहरु अथवा कामहरु हेर्नको निम्ति जिम्मेवारी हुन्छ । तपाईंको मण्डलीले अरु कामहरु पनि गर्दछ भने तलको सूचीमा थप्नु होस् । यी सूचीहरु प्रकार अनुसार विभाजित गरिएका छन्: साधारण निर्देशन तथा व्यवस्था, सुसमाचार प्रचार, चेलापन अनि मिसन, आराधना, इसाई शिक्षा, पाष्टरीय परामर्श ।

साधारण निर्देशन तथा व्यवस्था

- कामको योजना (हरेक सेवकाइको जिम्मेवारी व्यक्तिहरुको नाउँ तथा कार्य)।
  त्यो काम भएको देख्न चाहने जिम्मेवारी व्यक्ति:

  _____

- कामको मूल्याङ्कन (प्रतिवेदन दिन अगुवाहरुलाई सहयोग गर्नु):
  जिम्मेवारी व्यक्ति: _____

- सचिव अनि कोषाध्यक्षको कामको योजना गर्नोस्: बजेट, प्रशासनिक खर्च अनि संचारको योजना मिलाउनु होस् ।
  जिम्मेवारी व्यक्ति: _____

- मण्डलीको साधारण सिद्धान्तलाई परिभाषित गरिदिने ।
  जिम्मेवारी व्यक्ति: _____

- पाष्टरहरु अनि अरु अगुवाहरुको सभाको निम्ति एजेन्डाहरु तयार पार्ने अनि सभाको मिति तोक्ने ।
  जिम्मेवारी व्यक्ति: _____

- विशेष पुरुषहरुको कामको संयोजन
  जिम्मेवारी व्यक्ति: _____

- स्त्रीहरुको विशेष कामको संयोजन
  जिम्मेवारी व्यक्ति: _____

- युवाहरुको विशेष कामको संयोजन
  जिम्मेवारी व्यक्तिः _____

- सामाजिक कार्य (खाँचोमा परेकाहरुको वास्ता गर्नु, इत्यादि) को संयोजन
  जिम्मेवारी व्यक्तिः _____

- मण्डलीको सम्पत्ति सम्भार गर्नको निम्ति निरीक्षण
  जिम्मेवारी व्यक्तिः _____

- संगतिका कायक्रमहरु आयोजना गर्नु
  जिम्मेवारी व्यक्तिः _____

- अरु मण्डलीहरुका पाष्टरहरुसित सहभागिता गर्ने कामको संयोजन
  जिम्मेवारी व्यक्तिः _____

- अगुवाहरुबीच आपसी सहयोग अनि सहभागितालाई प्रोत्साहन गर्ने
  जिम्मेवारी व्यक्तिः _____

सुसमाचार प्रचार, चेलापन, अनि मिसन

- प्रार्थनाको साङ्लो, उपवास, आदि आयोजना गर्ने
  जिम्मेवारी व्यक्तिः _____

- घरघरमा सुसमाचार प्रचार
  जिम्मेवारी व्यक्तिः _____

- सार्वजनिक प्रचार अनि अरु सुसमाचारीय क्रियाकलाप आयोजना
  जिम्मेवारी व्यक्तिः _____

- नयाँ झुण्डहरु खडा गर्ने
  जिम्मेवारी व्यक्तिः _____

- ख्रीष्टको आज्ञाहरु पालन गर्नको निम्ति हरेक सदस्यलाई सहयोग गर्ने
  जिम्मेवारी व्यक्तिः _____

- नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु
  जिम्मेवारी व्यक्तिः _____

- सबै सदस्यहरुलाई चेला बनाउनु
  जिम्मेवारी व्यक्तिः _____

- सबै सदस्यहरुलाई आनन्दपूर्वक दशांश दिन प्रेरित गर्नु
  जिम्मेवारी व्यक्तिः _____

- सबै सदस्यहरुलाई कुनै न कुनै सेवकाइमा उत्प्रेरित गर्नु
  जिम्मेवारी व्यक्तिः _____

- पतित भएकाहरुलाई अनुशासित गर्नु अनि सुधार्नु
  जिम्मेवारी व्यक्तिः _____

- विशेष सेवकाइ (जेलमा अनि अस्पतालमा भेट्न जानेहरु, इत्यादि) झुण्डहरु आयोजन गर्नु
  जिम्मेवारी व्यक्तिः _____

- छोरी मण्डलीहरु स्थापित गर्नु
  जिम्मेवारी व्यक्तिः _____

- सुसमाचारको तरिकाहरुलाई मूल्याङ्कन गर्ने, शुरु गर्ने अनि बदल्ने
  जिम्मेवारी व्यक्तिः _____

- विदेशी मिसन कार्यप्रति अभिरुची अनि समर्पण जगाउने
  जिम्मेवारी व्यक्तिः _____

- सदस्यता (अरु मण्डलीहरुबाट आउनेहरु) को निम्ति अन्तर्वार्ता गर्ने
  जिम्मेवारी व्यक्तिः _____

आराधना

- वर्षभरिको लागि हरेक सेवाको विषय घोषित गर्ने (जस्तै, बाइबलका विभिन्न सिद्धान्तहरु, बाइबलको सम्पूर्ण पुस्तक, मण्डलीका सदस्यहरुका खाँचोहरु, इत्यादि)।
  जिम्मेवारी व्यक्तिः _____

- जसले भाग लिन्छ तिनीहरुलाई अघिबाटै सल्लाह दिने
  जिम्मेवारी व्यक्तिः _____

- विशेष पर्वहरुको निम्ति कार्यक्रमहरुको तयारी
  जिम्मेवारी व्यक्तिः _____

- निम्न कुराहरुको निम्ति आराधना अगुवाहरु चिनाउनु होस्:
  - विषय र पर्व अनुसारको सेवाको योजना मिलाउन (वचन पठन, विशेष सहभागिता, इत्यादि)।
  - विषयलाई सुहाउँदिलो भजन अनि सजिलोसँग गाउन सक्नेहरु छान्न (गायनमा पूर्ण सहभागितको लक्ष्य राखेर)।

- गाउन र बजाउन सक्नेहरुलाई जसरी पनि अघि नै सूचित गरिदिन ।
- प्रभुभोजको निम्ति टेबल र रोटी, इत्यादि तयार पारि दिन ।
- परमेश्वरको वचन (साथै प्रवचन) को नाटकीय प्रस्तुति तयार पार्न ।

जिम्मेवारी व्यक्तिः _____

इसाई शिक्षा

- पाष्टरीय, मिसनेरी अनि अगुवापन तालीम कार्यक्रमहरु संयोजन गर्ने ।

  जिम्मेवारी व्यक्तिः _____

- आवश्यकता अनुसार नयाँ अगुवाहरुलाई प्रेरित गर्न (तिनीहरुको जिम्मेवारी सम्बन्धी छलफल गर्न लगातार भेटघाट गर्नोस्)।

  जिम्मेवारी व्यक्तिः _____

- नयाँ अगुवाहरुको निम्ति मण्डली सिद्धान्त अनि तरि काहरुबारे शिक्षणमा जोड दिने ।
  जिम्मेवारी व्यक्तिः _____

- घरेलु झुण्डहरुको निम्ति नयाँ अगुवाहरुलाई तालीम दिने ।
  जिम्मेवारी व्यक्तिः _____

- नानीहरु, जवानहरु अनि आफन्तहरुको माझमा प्रेमिलो व्यवहार गर्न अनि वृद्धहरुलाई आदर गर्न प्रेरित गर्ने ।
  जिम्मेवारी व्यक्तिः _____

- अति साना नानीहरुको लागि बाइबल अध्ययन ।
  जिम्मेवारी व्यक्तिः _____

- जवानहरुको लागि बाइबल अध्ययन ।
  जिम्मेवारी व्यक्तिः _____

- अलि ठूला नानीहरुको लागि बाइबल अध्ययन ।
  जिम्मेवारी व्यक्तिः _____

- जवानहरुको लागि बाइबल अध्ययन ।
  जिम्मेवारी व्यक्तिः _____

- वयस्कहरुको निम्ति बाइबल अध्ययन ।
  जिम्मेवारी व्यक्तिः _____

- सारा परिवारको निम्ति बाइबल अध्ययन ।

  जरुरीः यदि हामीले आफ्नै उमेरका नानीहरुलाई मात्र एक ठाउँ भेला गर्ने गरेका छौं भने हामीले विद्यार्थीका अरु उमेरका साथीहरु अनि परिवारहरुसँगको प्रेमिलो सम्बन्धमा बाधा पुऱ्याइरहेका छौं । परिवार अनि विभिन्न उमेरका झुण्डहरुबीच सन्तुलन कायम राख्नोस् ।
  जिम्मेवारी व्यक्तिः _____

पाष्टरीय परामर्श

- व्यक्तिगत समस्याहरु भएकाहरुलाई परामर्श दिनोस् ।
  जिम्मेवारी व्यक्ति: _____

- निरास भएका अथवा टाडिँदै गएका सदस्यहरुलाई पर
  ामर्श दिनोस् ।
  जिम्मेवारी व्यक्ति: _____

- विवाहित अनि मगनी भएका जोडाहरुलाई परामर्श
  दिनोस् ।
  जिम्मेवारी व्यक्ति: _____

- अगुवाहरुको पत्नीहरुलाई पनि कुनै प्रकारको सेवकाइमा
  सहभागी बनाउन अगुवाहरुलाई सहमत सहयोग
  गर्नुहोस् ।
  जिम्मेवारी व्यक्ति: _____

पाष्टरहरुप्रति मण्डलीको जिम्मेवारीहरुः

- अनुकरण (१ कोरन्थी ११:१)
- आज्ञा पालन (हिब्रू १३:१७)
- प्रार्थना (हिब्रू १३:१८)
- सहयोग (१ तिमोथी ५:१७-१८)

अभ्यासको काम

- १ तिमोथी पढ्नोस् । यस पत्रमा पावलले सिकाए अनुसार, पाष्टरका जिम्मेवारीहरु के के हुन्, लेख्नोस् ।

- तपाईंको मण्डलीमा अथवा झुण्डमा पाष्टरीय जिम्मेवारीहरु पूरा गर्नेहरुलाई यो अध्ययनको मुख्य विषयहरु सिकाउनु होस् ।

- तपाईंका मण्डलीका एल्डरहरु अनि सबै सदस्यहरुलाई उनीहरुको वरदानहरु अनुसार आ-आफ्ना जिम्मेवारहिरु पूरा गर्न संयोजन गरिदिने ।

(यदि तपाईंले अझसम्म गर्नुभएको छैन भने, रोमी १२:४-८, १ कोरन्थी १२ अनि एफिसी ४:११-१२ प्रयोग गरेर आत्मिकी वरदानहरुको बारेमा राम्ररी बुझाइदिनोस्)

- तपाईंका डकुमेन्टहरु, टिप्पणीहरु अनि कागजहरु फाइलमा राम्ररी मिलाएर राख्नु होस् । तपाईंले एक बक्स बनाउने अनि कार्डबोर्डहरुले विभाजित गर्ने । प्रार्थनाबारे अध्ययन गरिएकाहरुलाई "पी" मा राख्ने, विवाहसम्बन्धी "बी", इत्यादि ।

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

049NP01A-01